शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०७९/९/२६ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. नगर सभा सम्बन्धमा ।
२. संस्थागत मुल्याङ्कन सम्बन्धमा ।
३. योजना संसोधन सम्बन्धमा ।
४. वस/जिप सेवा संचालन हुने सडक स्तरोन्नती सम्बन्धमा ।
५. वजेट विनियोजन सम्बन्धमा ।
६. राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।
७. योजना अनुगमन समिति गठन सम्बन्धमा ।
८. सर्शत अनुदान तर्फ सडकको वजेट कटौती सम्बन्धमा ।
९. समिति मार्फत कार्य गर्ने सम्बन्धमा ।
१०. जाँचपास तथा फरफारक समिति गठन सम्बन्धमा ।
११. योजना तथा कार्यक्रमको सम्झौता तथा कार्यान्वयन गर्ने समयावधि थप सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको मिति २०७९ पौष २७ गते हुने भनिएको १२ औं नगरसभाको लागि आवश्यक तयारी नपुगेकोले उक्त मितिमा गर्ने भनिएको नगरसभा स्थगन गरी पछी उपयुक्त समयमा गर्ने गरी मिति तय गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ बमोजिम यस नगरपालिकाको आ.व. २०७८/०७९ को स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा बमोजिम जम्मा ७०.७५ अङ्क प्राप्त भएको व्यहोरा आजको बैंठकमा पेश भयो । पेश भएको प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रुपमा छलफल र विश्लेषण गरियो । आगामी दिनमा पुरा हुन नसकेका सूचकहरुका सम्बन्धमा सम्बन्धित शाखा लगायत सम्बद्ध सवैले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग तथा कार्य गरी अधिकतम अङ्क प्राप्त गर्ने गरी कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा एघारौं नगरसभा तथा कार्यपालिका बैठकबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजना तथा कार्यक्रमहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| एघारौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| वडा अध्यक्ष प्याकेज पोष्टीक कार्यक्रम वडा नं. ४ (१२५/१) | ५०००० | नापी व्यवस्थापन खर्च | ५०००० | संघीय स.अ. |

| | | | | |
|---|---|---|---|---|
| रातामाटा घसेनी खेल मैदान निर्माण वडा नं. १२ (१६४/२) | १००००० | हडाहा आपसोती खेल मैदान निर्माण | १००००० | संघीय स.अ. |
| पाकुरी मा.वि. खानेपानी तथा विद्यालय मर्मत वडा नं. ९ (९३/५ न.पा. तर्फ) | ३००००० | पाकुरी मा.वि. खानेपानी तथा विद्यालय मर्मत | २००००० | राजश्व प्रदेश |
| | | पाकुरी मा.वि. पानीतान्ते पम्प खरिद | १००००० | राजश्व प्रदेश |
| तल्ला सिद्धारा दशै मेला व्यवस्थापन वडा नं. ९ (१५०/३) | ५०००० | विसमुरे विरुटा खड्का टोल सिंचाई | ५०००० | सं स. अनुदान |
| पम्पीङ्गसेट खरिद वडा नं. ९ (१५२/४) | १००००० | पम्पीङ्गसेट,मोटर पाईप खरिद | १००००० | सं स. अनुदान |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा एघारौं नगरसभाबाट विभिन्न रुटमा यातायात सेवा संचालन अनुदान शिर्षकमा आन्तरिक श्रोतबाट रु २० लाख वजेट विनियोजन भएकोमा सार्वजनिक यातायात अर्न्तगत बस तथा जिप सेवा उपलब्ध गराउन सकिने निम्न सडकहरु मर्मत सुधार तथा स्तरोन्नती गर्न यातायात संचालन अनुगमन तथा सिफारिस समितिले गरेको सिफारिस समेतका आधारमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

**बस सेवा संचालनको लागि मर्मत गर्ने सडकहरु**

१. चाक्ला गल्दा जुकेना देउराली सानाढुन्ग्रे मगराकल्लेरी ऐरावती सडक स्तरोन्नती रु ३०००००।-

२. पत्थरकोट ढुङ्गेसेरा सडक स्तरोन्नती रु २५००००।-

३. आपखोला सामकोट सडक स्तरोन्नती शिनपा १० रु ३८००००।-

४. विक्रम करेचुली सडक स्तरोन्नती रु २०००००।-

५. बनगाई मुसियान ढाव सडक स्तरोन्नती रु २०००००।-

**जिप सेवा संचालनको लागि मर्मत गर्ने सडक**

१. न्वार खिव्दी कोहल सडक स्तरोन्नती रु १५००००।-

२. इमिलिया खयरभट्टी फोर्सल बाँके ढोडेनी हर्रे सडक स्तरोन्नती रु १०००००।-

३. सातमारा लाहापे सिलिङ्गखोला चिदिचौर सडक स्तरोन्नती रु १०००००।-

४. सितापुर सुवर्णखाल हल्दे मो.वा स्तरोन्नती रु १०००००।-

५. सैले कोकलसारे मो.वा.स्तरोन्नती रु ८००००।-

६. धोद्रे फुर्केसल्ली घुमौरे मो.वा. स्तरोन्नती रु १०००००।-

**अन्य खर्च**

१. कार्यविधि निर्माण खर्च रु ४००००।-

**जम्मा खर्च रु २००००००।-**

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा एघारौ नगरसभाबाट तपशिल बमोजिमका शिर्षकमा एकमुष्ठ रहेको रकमबाट तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्ने गरी वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

**पशु विकास तर्फ औषधि वितरण लगायतका कार्यक्रम संचालन रु १५००००० बाट**

| सि.नं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | पशु आहारा व्यवस्थापन घासको विउ वितरण | | २००००० | प्रदेश राजश्व |
| २ | औषधी खरिद | | ३००००० | |
| ३ | ढुवानी | | ४०००० | |
| ४ | खोप कर्तालाई पारिश्रमिक तथा अनुगमन | | १०८००० | |
| ५ | गाई भैसी, वंगुर र बाखा पालन व्यवस्थापन | | २५०००० | |
| ६ | माछाको भुरा वितरण, मासु पसल सुर, चाप कटर, रागो वितरण | | ५७०००० | |
| ७ | बैठक भत्ता | | ३२००० | |
| | जम्मा | | १५००००० | |

**आर्युवेद सेवा कार्यकम तर्फ विनियोजित रु ७००००० बाट**

| सि.नं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | औषधी खरिद | | २०५००० | आन्तरिक/गत मौज्दा |
| | औषधी खरिद | | १९५००० | प्रदेश समानीकरण |
| २ | जेष्ठ नागरिक कार्यक्रम | | ७५००० | प्रदेश समानीकरण |
| ३ | जिवन शैली परिर्वतन कार्यकम | | ५०००० | प्रदेश समानीकरण |
| ४ | पूर्व कर्म र पञ्चकर्म | | १००००० | प्रदेश समानीकरण |
| ५ | सञ्चार, भाडा तथा भ्रमण खर्च | | ७५००० | प्रदेश समानीकरण |
| | जम्मा | | ७००००० | |

**स्वास्थ्य सम्बन्धि विभिन्न कार्यकम संचालन र व्यवस्थापन तर्फ विनियोजित रु १८००००० बाट**

| सि.नं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १ | खोप ढुवानी फ्रिज सेन्टर देखि खोप केन्द्र सम्म र बाँकी खोप फिर्ता समेतको लागि | | १८५००० | आन्तरिक/गत मौज्दात |
| २ | खोप कार्यकर्ता यातायात खर्च | | ३२७००० | आन्तरिक/गत मौज्दात |
| ३ | मासिक समिक्षा बैठकका लागि नपुग रकम | | १००००० | आन्तरिक/गत मौज्दात |
| ४ | नि:शुल्क स्वास्थ्य शिविर व्यवस्थापन | | २००००० | आन्तरिक/गत मौज्दात |

| | | | | |
|---|---|---|---|---|
| ५ | अत्यावश्यक मेडिकल सामाग्री खरिद | | १००००० | आन्तरिक/गत मौज्दात |
| ६ | मानसिक स्वास्थ्य परामर्श तालिम संचालन तथा सेवा सुदृढीकरण तालिम संचालन | | १५०००० | आन्तरिक/गत मौज्दात |
| ७ | एचएमआइएस टुर्ल्स छपाई खर्च तथा ढुवानी | | २००००० | आन्तरिक/गत मौज्दात |
| ८ | सुरक्षित गर्भपतन सम्बन्धि जनचेतना कार्यक्रम | | ९०००० | आन्तरिक/गत मौज्दात |
| ९ | वर्थिङ्ग सेन्टरमा कार्यरत नर्सिङ्ग कर्मचारीका लागि रात्री सेवा भत्ता | | ३५०००० | आन्तरिक/गत मौज्दात |
| १० | स्वास्थ्य सुदृढीकरणको लागि पालिका स्तरीय अनुगमन | | ९८००० | आन्तरिक/गत मौज्दात |
| | जम्मा | | १८००००० | |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राष्ट्रपती शैक्षिक सुधार अर्न्तगत विद्यालय भवन निर्माण शिर्षकमा प्राप्त रकमबाट विद्यालयहरु निर्माण गर्ने कार्य उपभोक्ता समितिले गरेसम्म उपभोक्ता समिति मार्फत गर्ने यदी उपभोक्ता समिति मार्फत हुन नसकेमा ठेक्का पट्टाको माध्यमबाट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगरपालिका भित्र संचालन भईरहेका र हुने योजनाहरुको अनुगमन गर्न स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था बमोजिम नगर उप प्रमुखको संयोजकत्वमा योजनाहरुको अनुगमन गरी प्रतिवेदन देहाय बमोजिम अनुगमन समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

*तपशिल*

| | |
|---|---|
| नगर उप प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| पूर्वाधार समितिको संयोजक | सदस्य |
| प्राविधिक शाखाको प्रमुख | सदस्य |
| लेखा शाखाको प्रमुख | सदस्य |
| सम्वन्धित बडाको बडाध्यक्ष | सदस्य |
| सम्वन्धित वडा हेर्ने साइट इन्चार्ज | सदस्य |
| योजना शाखाको प्रमुख | सदस्य सचिव |

वडा भित्र संचालन भई रहेका र हुने योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्न वडा स्तरमा निम्न अनुसारको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

*तपशिल*

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाका वडा सदस्यहरु | सदस्य |

सम्वन्धित वडा हेर्ने प्राविधिक

वडा सचिव

सदस्य

सदस्य सचिव

यो नगरपालिका भुगोलको हिसावले नेपालकै सवै भन्दा ठूलो नगरपालिका भएको, योजनाहरु सयौंको सख्यामा रहेको र कार्यालय प्रमुख तथा सम्बन्धित शाखाका कर्मचारीहरु समेत कार्यालयको दैनिक कार्यमा व्यस्त हुनु पर्ने भएको कारण नगरपालिका क्षेत्र भित्र कार्यान्वयन भईरहेका सवै योजनाहरुमा नगर स्तरीय अनुगमन समितिले अनुगमन गरी भुक्तानी गर्न सम्भव नदेखिएको हुँदा वडा स्तरीय अनुगमन समितिले अनुगमन गरी दिएको प्रतिवेदनका आधारमा योजनाको रकम भुक्तानी गर्न सकिने र आवश्यक्ता अनुसार नगर स्तरीय अनुगमन समितिले समेत अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघीय सर्शत तर्फ चालु आ.व.को लागि गत जेष्ठमा वजेट प्राप्त हुदा अर्घाखाँची जिल्ला शितगंगा १२ कुडुलेदेखि थानगैरासम्म सडक स्तारोन्नती भनि रु ५० लाख वजेट प्राप्त भई आएबमोजिम यस नगरपालिकाकाले सो सडक स्तरोन्नती गर्ने कार्यको लागि वोलपत्र मार्फत रु ४९९९४६४।- लागतको कार्य रु ३२२०६५५।- मा गर्ने गरी धर्मराज निर्माण सेवासँग मिति २०७९/८/१६ मा सम्झौता भई कार्य आदेश दिईएकोमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा सिंहदरवारको च.नं. २२८ को पत्रबाट स्थानीय तहहरुमा पठाईएको वजेट संघीय कार्यान्यन इकाईहरुबाटै कार्यान्वयन गर्ने भनि निर्णय भएकोले स्थानीय तहहरुले कार्यान्वयन नगर्नु नगराउनु भनि गरेको पत्र यस कार्यालयमा मिति २०७९/९/२२ गते प्राप्त हुन आएको सन्दर्भमा छलफल भयो । उक्त सम्झौता अनुसार भईरहेको कार्य आजै देखि रोक्न र हाल सम्म भएको कार्यको नाँपजाँच गरी कार्यालयमा पेश गर्ने । पहिलो चरणमा कार्य भईसकेपछी वजेट कटौती भएकोले सो व्यहोरा उल्लेख गरी माग गर्ने यदी माग गर्दा समेत रकम प्राप्त नभएमा नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व.मा प्रदेश विशेष अनुदान तर्फ बढीदमार सिंचाई योजना शिनपा ८ को लागि रु २० लाख वजेट विनियोजन भएकोमा सो योजनाको कार्य उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ को (२) को (ङ) बमोजिम योजनाहरु फरफारकका लागि तपशिल बमोजिमको समिति गठन गर्ने र सो समितिले गरेको योजनाहरुको फरफारक कार्यपालिकामा पेश गरी अनुमोदन गर्ने गरी कार्यपालिको अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## जाँचपाँस तथा फरफारक समिति

संयोजक :- प्रमुख प्रशासकीय अधिकृत

सदस्य :- प्राविधिक शाखा प्रमुख

सदस्य :- आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य :- प्रशासन शाखा प्रमुख

सदस्य सचिव :- योजना शाखा प्रमुख

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा चालु आ.व.का योजनाहरुको सम्झौता गर्ने समयावधि २०७९ माघ मसान्त सम्म थप गर्ने र कार्यान्वय २०७९ चैत्र मसान्त सम्म गर्ने गरी समयावधि थप गर्ने निर्णय गरियो ।